# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/१०/१९

पांचौ अधिवेशन

(पाचौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरू,**

यस सभाको पांचौ अधिवेशनको पाचौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम शून्य समय निर्धारर्ण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय हर्क वहादुर कुंवर लाई समय दिन्छु ।

**माननीय हर्क बहादुर कुँवरः-**

माननीय सभामुख महोद सर्वप्रथ म 2076/८/३ गते साँझ 7 बजे बझाङ जिल्ला अन्तर्गत को छान्नकेन्द्रविन्दु गरेको 5.7 को रेक्टर स्केल को भूकम्पबाट प्रभावित हुने अछाम जिल्ला साफेबगर नगरपालिका वार्डनम्बर 9, 10, 11, 12, 13 र 14 वडामा क्षतिभई 60 वटा घरको क्षति भएपछि वस्न लायक नभएको यस गरिमामय सदनमा जानकारी गराउँनु चाहान्छु त्यस्तै तलमा २० बावलमा 40 खप्तडमा २० हिराकोटमा ६० तिसबै क्षतिग्रस्त भएकाछन। जनताले आस गरेअनुरुप प्रदेश सरकारको ध्यान जावस र यो भूकम्प पीडितलाई रातको व्यवस्था होस भनी म माग गर्नचाहन्छु साथै अहिले सम्म हाम्रो प्रदेशमा क्षति भएका चाहेति भुकम्प पीडित हुन चाहे चट्याङ लाग्यो चाहे वाडि पिडित हुन चाहे असिना पिडितहुन अहिलेसम्म सरकारबाट हुने रातको कुनैपनि राहातको व्यवस्था नभएकोले छिटै हामीले गतवर्षपनि यो हाउशमा धेरैकुरा गरेका थियौ। अहिलेसम्म व्यवस्था नभएको हुनाले अब छिटैनै यि पिडित हरूलाई यो९ वटै जिल्लामा भएका पिडित हरुलाई म राहतको व्यवस्थाकालागि यो गरिमामय सदनमा ध्यानाकर्षण गराउन चाहान्छु अहिले हामी 207६/७७को वजेटलाइ हामीले अहिलेमाघ 19 गते सम्मपनि तल सम्म कार्यक्रम योजना नभएको हुनाले अव छिटैनै यो अउदो समया कसरि अगाडि वडायनका लागि कसरी विकासलाई अगाडि बढाउने भन्ने खातीर यो कार्यक्रम तल छिटै जानुपर्छ र यो टेन्डरको व्यवस्थाभए पनि यसलाइ छिटै अगाडी वढाउनु पर्छ भन्ने म माग राख्न चाहान्छु। अरु धेरै कुराहरुमा वजर्टलाइ अगाडि बढाउने र जिल्लामा जुन डिभिजन छन ति डिभिजन लाई छटैनै कार्य योजना वडाउनको लागिपनि म यो हाउस मार्फत अनुरोध गर्नचाहन्छु र कर्यको पनि सुनिश्चितता नरहेको अवस्थाछ।यो चाहे उपभोक्ता होस चाहे टेन्डर वाट भए पनि अगाडी बढ्नको लागि अनुरोध गर्न चाहन्छु धन्यवाद।

**माननीय भरत बहादुर खड्का:-**

माननि सभामुख महोदय आज हाम्रो सुदूर पश्चिमको लिम्पिया धुरा कालापानि को बारेमा भारतले आफ्नोनक्सामा आफ्नो क्षेत्रमा लिम्पिया धुरा र  कालापानी राखेकोले आज देशव्यापी चर्चा भइरहेको बेला हाम्रो सुदुरपश्चि मप्रदेशको मुख्य सरोकारको विषय हो हाम्रो सिमाना आफ्नो घरहो शो वारेमा सुदूरपश्चिम सरकार मौनछ वडादू:खका साथ हामिले भन्नु पर्छ हाम्रो सिमाना च्यापिएकोछ आज राष्ट्र व्यापि रुपमा कुराहरु उठेकाछ पक्ष र प्रति पक्ष हरुलाइ सिमाना मिचिनु हुदैन भनेर मिडियमा संसदमा कुरा उठेकोछ तर यसबारेमा तर प्रदेश सरकारले कुनै कुरा उठाएको हामिलाइ लाग्दैन हामिले दुखका साथ भन्नु पर्छ यो श्रीमानको रक्षागर्ने र १ इन्च भुमि पनि लेपालको कसैले मिच्न पाइदैन यहाँ स्वाभिमानि नेपालीहरु कुनैखहालतमा पनि मान्न चाहादैन्न त्सैले मेरो आग्रहछ संसदले एउटा कल्प प्रस्ताव ल्यनएर यसलाइ पारित गरे  संघीय सरकारलाई छिटोभन्दा किलियर गर्नु पर्छ भनेर पनिम माग गर्न चाहान्छु अर्को कुरा सामाजिक मन्त्रालय वाट खरिद गरेका एम्वुलेन्स हरु रअन्य मन्त्रालय वाट खरिद गरेका गाडिका कुरा हरुर सामाजिक मन्त्रालय वाट अरु उपकरण किनेबका कुराहरु ज्यादै ञालमा मिडियामा आएका छन सभामुख महोदय र समितिमा पनि यिकुराहरु उठेकाछन् यसको सत्य तथ्य  कुरा केहो एउटा अधिकार सम्पन्न संसदिय टोलि गठन गरेर यसको छानविन गर्न पनि म माग गर्न चाहान्छु र आर्को कुरा वजेट आएको ८ महिना भैसकेकोछ।अग्तियारि पनि पुग्न सकेको अवस्ता छैन । यि निकाय हरु पनि गठन भएका छैनन् यसको कानुनि पक्ष कसरि सहज होला सेवा ग्राही हरुले यो समयमा कामगर्न सक्छकि सक्दैन बजेटखर्च हुनसक्दैन र बर्थ मन्त्री ज्यूंले यो  अस्ति मैले पत्रकार सम्मेलन गरेको सुनेको थए ८ महिनामा हाम्रो १० प्रतिसत मात्र विकास वजेट खर्च लभएकोछ भनेर भन्नुभाकोछ वित्तियखर्च कतीहो त्यो पनि किलियर गर्नु भएन ८ महिनामा१०प्रतिसत भन्दाखेरि अब करिव करिव महिनाको सवा प्रतिशत का हिसाफले गएको वस्तो मात्र लाग्छ । यो कछुववा तालले वजेट फ्रीज जान सक्छ । क्वाइलिटी दिन सकिदैन जन सक्तीको अभाव छ । २/२/ वर्ष पुग्दापनि हामी सिक्दैछौ भन्यो विडम्वनाको कुराहो । हामि सुदूर पश्चिमका जनतालाइ ठग्दै छौ सरकार जुन कछुवाको गतिमा  ढाटेर गइराखेकोछ अब सुदूर पश्चिमका वाशि चुप्लागेर बस्न सक्ने अवस्था छैन हामिले पनि सोच्नु पर्छ चाहे सत्ता पक्षका हुन चाहे प्रतिपक्षका हुन  रसरकारको बजेट समयमा तल जानुपर्छ। समयमा जनसक्ति तयार गरेर समयमा खर्च गर्ने कुराहरु माग राख्दै विदा हुन्छु धन्यावाद ।

**माननीय  सुशीला बुढाथोकी:-**

माननीय सभामुख महोदय चीनमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस नेपालमापनि आतङ्कको रुपमा फैलिन सकछ त्यस कारणलेगर्दा हाम्रो सुदूरपश्चिम मापनि अगावै यसको वारेमा जानकारी हुनुपर्छ र यसको विषयमा हामीले पुर्व तयारि गरेर वस्नु प्रछ र  जनता हरूको निमित्त जनचेतना जगाउनपर्छ। भन्ने म यहाँ अनुरोध गर्न चाहान्छु ।यो मौसमका कारणले  पानी असाध्यै परेको कारणले गर्दा  र हिउदे वालिनालि मा जस्तै आलु टमाटर रतोरि गहु र मसुरो लाइ छेति पुर्याकोछ। यो तराईका जिल्ला हरुमा त्यस कारणले हामीले सरकारले एउटा अनुगमन टोलि वनाइ जनताको हौसला बढाउनको निम्ति अनुगमन गरि क्छेति पुर्तिको व्यवस्था मिलाउनपर्ने जानकारी गराउन चाहन्छु।अर्को  २०७६/77 को विनियोजन कार्यक्रम जुनछ

त्यो अहिले सम्म अगितयाचरी नपुगिसकेको कारणले गर्दायोजना हरु कर्यान्विनमा ढिलाइ हुन सक्ने संका देखिएको कारणले गर्दा यो योजना कार्यान्वियन गर्न ढिलाइ नहुने व्यवस्था मिलाउनको लागि म सकालाइ अनुरोध गर्न चाहान्छु सभामूख महोदय अहिले सडक दुर्घटना बढिरहेकोछ। दैनिक ज्यान गुमाउने हरुको संख्या वडिरहेको छ ।यो विषयमा पनि प्रदेश सरकार्ले सोच्नु पर्ने वेला भएकोछ।

यो विषयमा पनि सोचियोस भन्ने अनुरोध गर्न चाहान्छु धन्यावाद

माननीय सभामुख महोदय 2076-77 को बजेट अहिले सम्म जनताका अनुकुल र जनताबाट यसको बारेमा जनाहरुवाट प्रस्न खडा भैराखेको हुनाले त्यो वजेट जनता सामु नपुग्नाको कारण जनता हरुले खोजि राखेकाछ्न सरकारले तसको जवाफ देओस र संसगै वतिचाडो हुन्छ योजनालाइ कार्यान्वियन गर्नमा जावस भन्नेकुरा र अनि एम्वुलेन्सका कुराहरु आए त्यसको वारेमा पनि सर्कारले प्रस्ट हुनुपर्यो कालापानस लिपुलेकका वारेमा हाम्रै प्रदेशको भुभाग विदेशिले आफ्नो नक्शामा देखाउदा आफ्नो भुभाग भन्दा पनि हाम्रो सार्वभौम सत्तामाथि प्रस्न उठेको हुनाले सरकारले यसको वारेमा मौन रहन उचित नदेखिएकोले सर्कार वाटपनि केहिकुरा आवस भन्ने म चाहान्छु। त्य वाहेक एउटा कुरा सुन्नमा आएकोछ । प्रदेश सरकारले जडिबुटी प्रसोधनको लागि योजना राखेको थियो त्यो योजना हाम्रो सुनाइमा आउदा खेरि काठमाण्डैको जडिवुडिमा रकम गएको छ । भन्ने सुनिन आएको हुनाले त्यसवारेमा पनि यो प्रस्ट हुन जरुरिछ र अहिलेपानि अत्यधिक मात्रामा परेको अत्यधिक मात्रामा भएको हुनाले इटा उद्ध्योगि हरुलाइ धरै नोक्सान भएकोछ र इटा कम्पनि हरुको विमाको लागि केहि कदम चालोस ।अव २ महिना पछि हामिले धान लगाउने पालो आउछ । त्यसैले मल र विउको व्यवस्ता पनि अहिले देखिनै गरियोस भन्ने कुरा याहँ उठेका छन । यो गरिमा धानका लागि पनि जनता वाट आवाज उठेको छ त्यसका लागि पनि पहल गरिदिन अनुरोध गर्दछु धन्यावाद।

**माननीय दुर्गा कुमारी कामीः-**

माननिय सभामुख महोदय हामी पाँचौं अधिवेसनको पाँचौं दिनमा उपस्तिततछौं अहिले तिनमहिना यता शूदूरपशिम परदेशमा सडक दुर्घटना बढिराखेको छ यसबाट धेरैले ज्यान गुमाइ सकेको छ प्रदेश सरकारले सडक दुर्घटना ज्यान गुमायने हरुलाइ न्याय दिन पहल गरोस र सडक दुर्घ६ना व्यवस्तापन चाडो गरोस भनि सरकारको ध्यानक्रषण गराउन चाहान्छु र छाउपणि प्रथा सम्न्धि संघिय सरकारले धेरै कार्यक्रम अगाढि सारेको छ विषेस गरि अछाममा कार्यक्रम अगाडी वडाइ राखेको छ ।तसका साथ साथै अन्य जिल्ला हरुमा पनि छाउपणि गोठहरु भत्काउने कार्यक्रम हरुछ त्यो छाउपणि मस्तिस्क वाट हटाउन सक्यौ भने हुन्छ र प्रहरि प्रशासनको भरमा छाउपणि गोठहरु भत्काएका छन र अहिले मिडियामा सुन्नमा आएकोछ गोठमा वसे प्रहरीको डर भनेर भन्ने गरेका छन र त्यसको साथसाथै न्त्रालय अन्तर्गतका मिडियामा आएका मन्त्रालय अन्तर्गत मन्त्रालयले खरिदगरेका सम्ग्री र अन्य अनियमित्ताका कुराहरु मिडियामा अएका छन । सम्वन्धित मन्त्रीज्यूले मिडिया मा प्रस्ट पार्नु भएकै छ तरपनि त्यो भरम र केहि कुरा उठिराख्ने भएकोले यो गरिमामय सदनमा सम्वन्धित मन्त्रालयका मन्त्रि ज्युले मिडियालाइ प्रष्ट पार्नु भएको कुरा याहाँ पनि प्रष्ट पार्नको लागि

ध्यानाक्रषण गराउन चाहान्छु । र कालापानी र लिपुलेक लिम्पिया धुरा हाम्रैहो भनेर कुरा उठाइ राख्दा यो परदेश सरकारले गम्विर भएर कुरा नउठाएको देख्दा प्रदेश सरकार मौन रहेर वसेको होकि भन्ने कुराछ । यो हाम्रो भुमिहो विषेस गरेर सुदूर पश्चिमको भुमिहो ।यसमा प्रदेशसरकारले सरकार धन्यवाद ।

**मा० वल वहादूर सोराडीः-**

माननीय सभामूख महोदय म सर्वप्रथम योपाँचौं अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नचाहन्छु हाम्रा यो सदनमा वोलेका धेरै कुराहरु सम्चिव्द विवरणम नआउने गरेकाछन म यो सचिधालयको ध्यानाक्रषणा गराउन चाहान्छु । र मेरो निर्वाचनक्षेत्र अछामजिल्ला क्षेत्रनम्बर 2 ख ढकारि गाउं वाजुराको वडानम्बर 4 को पहिरो सम्बन्धी गत साउन 7 गते आएको पहिरो सम्बन्धी पहिला पनि सदनमा मैले बोलेकोथिएँ त्यतिबेलापनि पुष १७ गते हिमपात सुरुभएको पछाडि 18 गते वाट फेरि पहिरो सुरु भएकोछ र यो प्रदेश बाट आजसम्म कुनै रातपनि पाएकोछैन त्यहाँका जनताहरुले 40 वटा घर त्यहाँ जोखिममा परेका छन र त्यसको राहत र त्यसको तटबन्ध गरेर त्यसको रोकथामका लागि मयो सरकार सँग आग्रह गर्न चाहन्छु।त्याहाँका मान्छे हरुले योजनाका माग गरिसकेका छन त्यसैले र पुनह ध्यानक्रषय गराउन चाहान्छु। र हामि धेरै माननीय हरुले वोलिसकेकाछ यो सरकारको गति कछुवाको गतिमा गएको छ र हामिले योजना हरु कुन निकायमा कार्यान्वयन गर्ने भ्नने विषय हामीले आवज सम्म थाहा पाएका छैनौ र अहिले सम्म योजना कुन निकायले कार्यन्वन गर्नेभनेर अहिले सम्म केहि गएकै छैन यो स्थानिय हाम्रो माग भनेको पर्तेक जिल्लामा डिविजन कार्यालय नभए पनि इकाइ हरु हुनु पर्थ्यो जस्तो हाम्रो पर्यटन उद्योगपर्यटन वन तथा वातावरण मन्त्रालय बाट२/२ लाखका योजना हरु मन्दिरमा परेकाछन त्यसको सम्जौता गर्न आयनु पर्ने धनगढी यसमा हामिले आफै सोच्नु पर्छकि ति २ लाखका योजना का लागि उपभोगता हरुले धनगढी आउदा कति खर्च गर्छन र कति वचाउछन ।के निर्माण हुन्छ । यो असुवोधा हरुलाइ हेरेर हाम्रो सरकारले समय भित्रै सवैकुरा सवचोस र वाकि कुरा हरु अहिले सम्म कुनैपनि मन्त्रालय वाट गएका योजना हरु कार्यान्वयनमा आएका छैन्न। ढीलाइ भएको हुनाले अब ति डिभिजन कार्यालयले फेरि त्याहाँ वाट समर्थन गरेर पठाउने होकि रकम तोकेर पढाउनेकि त्यो पनि थाहा नधएको हुनाले यो मन्त्रालयले छिटो ताकेता गरेर हुनकि कसरीहुन्छ यसकोलागि म ध्यानाक्रषण गराउँन चाहान्छु। भन्ने मेरा भनाइ हरु टुङ्ग्याउछु धन्यवाद।

**मा० ग्याल्वो सिह वोहराः-**

माननीय सभामुख महोदय केहि समय अगाढी जुन भारत सरकारले आफ्नो आधिकारिक नक्सामा कालापानीबारे जुन कालापानीको मुहान बनेर विवादित नक्सा जारिगर्यो त्यसपछि यहाँ नेपालमा पनि नया किसिमको तरङ्गता पैदा एभएकोछ तथापि मलाइ जहाँ सम्मलाग्छ अहिले यहाँ नया किसिमको घटनाक्रम भएको अवस्ताछैन कथापि सुगौलि संधिअनुसार लिम्पिया धुरा भन्दा उत्तर पट्टिको सिमाना नेपालकोहो भन्नेकुरा उल्लेख भइको हुदा सो सम्बन्धमा नेपाल सरकारले भारत सरकार संग उचित पहल गरेर त्यस तर्फ विषेस ध्यान दिन म संघिय सर्कारको ध्यान आर्कसण गराउन चाहान्छु ।साथै त्यस विषयमा विभिन्न समयमा सामाजिक सञ्जाल वा सामाजिक अभियान्ता हरु कालापानीको नाममा कहिले काहीं हाँम्रै मातहत रहेको पिल्लर न. ज्१ मा गएर जामि कालापानि गएको भन्ने केहि साथीहरु दुहु गाउपालिका सम्म पुगेर ईमात्र म

कालापनि पुगेर आएकोहु भन्ने जस्ता विभिन्न भ्रम छर्ने काम भएको हुनाले त्यकोलागि पनि म ध्या आर्कषण गराउन चाहान्छु संग संगै आज हामि काला पानि कालापानि त भन्दैछौ ।त्यो क्षेत्रमा विकासका लागि के गरेका छौ त्यता तिर पनि हाम्रो प्रदेश सरकारको र संघीय सरकारको विशेष ध्यान जानु पर्छ जस्तो मलाइ लाग्दछ।वास्तममा दार्चुलाको जुनत्यो कालापानी क्षेत्रछ त्यो हरेक हिसाबले चाहित्यो धार्मिक प्रयटकिय हिसाफले होस या अहिले माहाकालि करिडोरका हिसाफले होस त्यो भोलि चाइना संगको व्यपारिक नाकाको हिसाफले खोल्न सक्यौ भने आर्थिक हिसाफले पनि धेरै उपयोगि छ जस्तो लाग्दछ । त्यसैले सम्मानित सदनमा के आर्गह गर्न चान्छु भनेजुन अहिलेको माहाकालि करिडोरछ त्यसलाइ चाहिने माहाकालि अन्तरगतको सडक माहालि करिडोस सुनसेरा भन्दा माथिको खण्ड यथा सिग्र नेपाली सेनामार्फ संचालित गरियोस त्यस्तै किसिमले सस्त्र प्रहरी वल जुन अहिले छाङ्ग्रुमा राखे भन्ने संघिय सरकारले निर्णय गरेकोछ त्यसलाइ हामिले कव्वामा राखे प्रस्ताव पेस गरियोस त्यस्तै द्वन्द कालमा वन्द भएका हाम्रा भन्सामर कार्यालय हरु वस्तै तिङ्कर भोट भन्सार सितापुर भन्सार जोलजिवि भन्सार वलुवाकोट भन्सार छोटि भन्सार लगायत यिकुरा हरुपनि समयमानै स्थापनाहोस संसगै व्यास गाउँपालिका वाडन.१मा खाध्यानको डिपो स्थापनाहोस त्यस्तै आज भन्दा धेरैवर्ष अगाडी सिमा प्रशासन कार्यलय त्य क्षेत्रमा भएको त्यो सिमा प्रशासन कार्यालय पनि यथाशीघ्र त्यो व्यास गाँउपालिकामा वाडन.१मा स्थापना होस र सँसगै दार्चुलाको बारेमा 2070 सालको वाडि पछि जसरि मुलुकले भुकम्प पिडितलाइ तत्कालिन अवस्तामा ५/५लाख संघीय सरकारले सहयोग गरे तथापि भुकमुपमा घरहट्ट छेति भएको हसनुछ तर जग्गा जमिन यथा स्थितिमा रहेको हुन्छ।तथापि २०७०सालको वाडिमा दार्चुला जिलुलाको कयौ घरपरिवार हरुको पुरा वग्गा सहिद माहाकालि नदिले वगाइको र त्यस्तो अवस्थामा पनि नेपाल सरकारले कुनै किसिमको राहात नदिएको हुनाले यसै सम्मानित सदन मार्फत म नेपालसरका र प्रदेशसरको ध्यान आर्षण गराउन चाहान्छु। मुलुक संघीयतामा गइसकेपछिपनि वास्तममा आज हामिलाइ दार्चुला जिल्लाले धेरै कुरा हरुमा पछिपरेको सायद त्यो हाम्रो विकासको वजेटको हिसाफले हैस र अन्य कुरामा पनि सरकारको ध्यान आर्कषण गराउन चान्छु र अहिले हाम्रो एकाइ कर्यालयहरु पनि सानो सानो वजेटको लागि पनि हामिले धनगढी आउनु पर्ने अवस्ता भएकोले यि एकाइ कर्यालय हरु यथासिग्र दार्चुलामा स्थापना गरियोस भन्ने माग राख्न चाहान्छु । धन्यावाद

**माननीय अचना गहतराज-**

माननीय सभामुख महोदय सुदुरपश्चम प्रदेशको डोटी जिल्लामा विरामि हरु रगतको आवश्यक भएकोबेला रगत नपाएर कठिनाई भएकोछ त्यहाँ विमारि हरु वढिरहेकाछन सभामूख महोदय त्यसैले आवश्यक परेका विरामीहरुलाई रगतदिनकोनिम्ति दिपायल सिलगढीमा व्लड वैङ्क राख्नु पर्छ भन्ने भनाइका साथ सरकारलाई अनुरोध गर्नचाहन्छु। सभामुख महोदय पुर्बधार निर्वाचन क्षेत्र विकासको कुरागर्दा आज निर्वाचित पर्तक्ष जनप्रतिनिधिहरु ले एकल निर्णय गरेको देखिन्छ समावेशी समानुपातिक निर्वाचित सदस्य हरुलाइ न्याचित ढंगले यो वजेट वाडफाड भएको छैन एउटा दुइवटा दिएर पन्छाउन खोजिएकोछ सभामुख महोदय संविधान विपरित भएकोछ। यो वजेट भनेकोत जाहाँ पहुच पुगेकोछैन दलित महिला सर्वहारा पिछडा वर्ग हरुलाई सिप मुलक तालिम सङसङगै आय आर्ज कोनिम्ति उनिहरुलाई यो बजेट छुट्याउनु पर्योपर्नेथियो तर यस्तो

भएकोछैन  साच्चै विकास गर्नेहोभने सभामूख महोदय जोखिम  जोकि युधा हरुलाइ रोजगारी दिन सक्ने वातावरण बनाउनु पर्छ यो बजेटले ठुला ठुला उद्ध्योग हरु हुन नसक्लान तर लघू उद्ध्यो सञचान गर्न सकिन्छ । हाम्रो गाउँ ठाउँमा प्रशस्तमात्रामा रिठा पाइन्छन। साबुन उद्योग बनसकिन्छ यस्तै भटमासहरु थुप्रैहुन्छ जोकि सोयविन उद्योग बन्न सकिन्छ नयाँ उद्योग हरु बन्न सकिन्छ साना उद्योगहरु र यो उद्योगहरु प्रयोगमा ल्याउन पर्छ भन्न चाहान्छु सरकारलाई ध्यानाकर्षण गर्न पनिचाहन्छु। सभामुखम महोदय सडकमा खानेपानि सिचाइ संसगै यो समाजलाई परिवर्तनमा ल्याउनुपर्छ। यो सोच र चिन्तननै परिवर्तन ल्याउनु बिकाशहो सभामुख महोदय समावेशी समानुपातिक निर्वाचित सदस्य हरुलाइ पर्याप्त मात्रमा बजेट पुगेकोछैन महिलाहरुलाई आत्मनिर्भर बनाउन आयआर्जन बढाउनको निम्ति बजेट छुट्टाउन जरुरीछ। सभामुख महोदय आज ७६/७७को बजेट विकास खर्च भएकोछैन अहिले सम्म अग्तियारि गइकोछैन यसलेगर्दा विकासमा ढलाई हुनेभएकोले विकासमा छिटो भन्दा छिटो अग्तियारि पठाइ कार्या न्वयन पक्षमा ल्याउन जरुरीछ भन्दै सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र मेरा भनाइपनि यहि टुङ्ग्याउन चान्छु हवसत धन्यावाद।

**माननीय सदस्यहरु,**

आजको शून्य समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टलाई “नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६” लाई  दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

मा० मन्त्री मया भट्ट

माननीय सभामुख महोदय प्रदेश सभा नियमावली 2074को नियम 108 को उपनियम 1 देखाय खण्ड ख बमोजिम निजी व्यवसाय दर्तागर्ने सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयक 207६ लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

"नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, "साभ्रेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक, २०७६" माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टलाई "साभ्रेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक, २०७६" लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**मा० मन्त्री माया भट्टः-**

माननी यसभामुख महोदय प्रदेस सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड ख बमोजिम साझेरी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ लाइ दफावार छलफलको लागि अर्थविकास तथा प्राकृतिक स्रोतसमितिमा पठाइयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद

**माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ “साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक, २०७६” लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

“साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक, २०७६” माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अर्को बैठक मिति २०७६ साल माघ महिनाको २३ गते विहीबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।